संतोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१०/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र एडिस प्रजातिको लामखुट्टेको टोकाइबाट संक्रमण हुने डेंगु (Dengue) रोगका चारजना विरामी गाउँपालिकाका विभिन्न वडामा देखिएको र, यसको संक्रमण तत्काल रोकथाम गर्नका लागि अभिमुखीकरण कार्यक्रम सहित संक्रमित विरामी भएका स्थान, सार्वजनिक स्थान लगायत अन्य स्थानमा पेष्टिसाइड (औषधि) छर्किनुपर्ने भनी स्वास्थ्य शाखाबाट मिति २०७९।०५।३० मा पेश हुन आएको अनुमानित लागत (रु.४ लाख २३ हजार) सहितको कार्यक्रम तत्काल सञ्चालनमा ल्याउने र उक्त रकम प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा बाँझो तथा उपयोगमा नआएको कृषियोग्य जग्गामा उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागिता जनाउनका लागि कृषि विकास शाखाबाट पेश हुन आएको परियोजना स्वीकृत गरी कृषि विकास मन्त्रालयमा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि नेपाल सरकारको विशेष अनुदान मार्फत् २ नं. वडास्थित श्री शिक्षा विकास माध्यमिक विद्यालयको भवन निर्माण आयोजनाका लागि एक करोड बजेट प्राप्त हुन आएकोमा उक्त विद्यालय र २ नं. वडासँग आवश्यक छलफल गरी तयार गरिएको विद्यालय भवनको डिजाइन (फर्निचर सहित) अनुसारको लागत अनुमान स्वीकृत गरी उक्त आयोजनालाई क्रमागत आयोजनाको रुपमा स्वीकृत गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा जि.स.स., मोरङको कोष मार्फत् प्राप्त हुने भनिएको ५ नं. वडाको स्वास्थ्य चौकी भवन निर्माण आयोजनाको रकमलाई ५ नं. वडा कार्यालयको घेराबारा, तटबन्धन, कार्यालयको माथिल्लो तला थप र उत्तरपट्टि कोठा थप गर्ने (भविष्यमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनका लागि) प्रस्ताव सहित योजना सम्झौता गर्न गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जिल्ला समन्वय समिति, मोरङमा पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यही मिति २०७९ साल असोज २ गतेका दिन पर्ने जितिया पर्वमा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय (पुर्व निर्धारित परीक्षा कार्यक्रममा असर नपर्ने गरी), गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय (राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान यथावत सञ्चालन गर्ने गरी) र सबै स्वास्थ्य संस्थामा स्थानीय सार्वजनिक विदा दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**मिति २०७९।०५।३१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

राजमती इङ्नाम
अध्यक्ष

२०२२
प्रमुख प्रशासकीय अधिकृत

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१०/२०७९/०८०

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि स्वीकृत सम्बन्धित वजेट शीर्षकवाट खर्च लेख्ने गरी देहायमा उल्लिखित आयोजना/कार्यक्रम तत्काल सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने वजेट शीर्षक | विनियोजित वजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | श्री नवदुर्गा भवानी मन्दिरको मुर्ति मर्मत गरी रङरोगन, २ नं. वडा | मठ/मन्दिर/चर्च/गुम्वा/मस्जिद मर्मतसम्भार | १०,०००।०० | विजयादशमी पर्व मनाउन। |
| २. | चन्द्रकान्त पोखरेलको घरपूर्व डाँस खोलामा बाँस पाइलिङ, ४ नं. वडा (२ स्थान) | प्रकोप व्यवस्थापन कोष | लागत अनुमान वमोजिम | |
| ३. | बाघेझोडा पश्चिम चिसाङखोलामा बाँस पाइलिङ, २ नं. वडा (३ स्थान) | प्रकोप व्यवस्थापन कोष | लागत अनुमान वमोजिम | |
| ४. | जुनतारा युवा क्लव, ३ नं. वडा, कोलटोलमा फूटवल कार्यक्रम आयोजना | विभिन्न खेलकूद प्रतियोगितामा सहभागिता तथा सहयोग | ४०,०००।०० | |
| ५. | नवयुवा क्लव, १ नं. वडामा फूटवल कार्यक्रम आयोजना | विभिन्न खेलकूद प्रतियोगितामा सहभागिता तथा सहयोग | ६०,०००।०० | |
| ६. | चासोक तङनाम माङ्हिम (मन्दिर) निर्माण, ७ नं. वडा | मठ/मन्दिर/चर्च/गुम्वा/मस्जिद मर्मतसम्भार | २,००,०००।०० | |
| ७. | वहत्तर विघेको शिव मन्दिरको रङरोगन, ५ नं. वडा | मठ/मन्दिर/चर्च/गुम्वा/मस्जिद मर्मतसम्भार | १,००,०००।०० | |
| ८. | ७ नं. वडा (चालीस विघे) मा पास्ता निर्माण लघु उद्यममा औजार/उपकरण व्यवस्थापनमा अनुदान सहयोग | उद्यम मार्फत् रोजगार, गर्वको आधार | ५०,०००।०० | दलित समुदायका युवा एकापसमा मिली उत्पादन बृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यले उक्त लघु उद्यम स्थापना भएको पाइएकाले १२ औं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. २२ समेतको कार्यान्वयन गर्न। |
| ९. | साना किसान कृषि सहकारी संस्थाको भवन संरक्षण, ४ नं. वडा | सहकारी संघ/संस्थाको साझेदारीमा उत्पादनमूलक कार्यक्रम सञ्चालन | २,००,०००।०० | गाउँपालिका समेतको सहयोगमा स्थापना गरिएको कोल्ड रुमको संरक्षण गर्न। |

**मिति २०७९।०५।३१ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

सरस्वती इङनाम
अध्यक्ष

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



| | | | | |
|---|---|---|---|---|
| १०. | मानवसेवा आश्रम, विराटनगरलाई खाद्यान्न तथा लत्ता कपडा सहयोग | असहाय व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार | १,००,०००।०० | कानेपोखरी क्षेत्रभित्रका एक दर्जनभन्दा बढी असहाय व्यक्तिहरुलाई उक्त आश्रमले सहारा दिएकाले। |
| ११. | श्री जनता आधारभूत विद्यालय, ५ नं. वडालाई विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विषयगत शिक्षक दरबन्दी कम रहेका गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा गाउँपालिकाको तर्फबाट शिक्षक व्यवस्थापनका लागि अनुदान सहयोग कार्यक्रम | २,००,०००।०० | विद्यालय व्यवस्थापन समिति र ५ नं. वडा समितिबाट सिफारिस भए बमोजिम। |
| १२. | झाँगड समुदायको धर्म संस्कृति जगेर्नाका लागि बाजागाजा व्यवस्थापन, २ नं. वडा | विभिन्न मेला, जात्रा, पर्व, महोत्सव आदि कार्यक्रममा सहयोग कार्यक्रम | ३०,०००।०० | |
| १३. | धिमाल जाति विकास केन्द्र, बयरवन नर्सरीडाँडाको भवन निर्माण आयोजना, ६ नं. वडा | मठ/मस्जिद/गुम्बा/मन्दिर/चर्च मर्मतसम्भार | ५,००,०००।०० | गाउँ कार्यपालिकाको मिति २०७९।०५।०९ गतेको निर्णयले तीन लाख रुपैया उक्त आयोजनामा विनियोजन गरिएकोमा विनयोजित बजेटले उक्त आयोजनाका लागि रकम अपूग हुने देखिएकाले दुई लाख थप गरी पाँच लाख कायम गरिएको। |
| १४. | भलुवाखोलाको पुल दक्षिण पुल संरक्षणका लागि तटबन्धन | तटबन्धन | ५,००,०००।०० | |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

राजमती ईङ्नाम
अध्यक्ष